# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) विराटनगर, नेपाल, बैशाख ४ गते, २०८३ साल (अतिरिक्ताङ्क १

## भाग १

कोशी प्रदेश सरकार

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८३ सालको ऐन नं. १

# प्रदेश विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** कोशी प्रदेश सरकारले विधेयक मस्यौदा तर्जुमा गर्दा पारदर्शिता कायम गरी कानूनको पालनालाई स्वीकार योग्य बनाउन, विधेयक मस्यौदा तर्जुमामा एकरुपता, स्पष्टता, सरलता, व्यावहारिकता, वस्तुनिष्ठता कायम गर्ने तथा प्रदेश सरकार वा अन्तर्गतका निकायले कानून मस्यौदाको तर्जुमा गर्दा प्रत्यायोजित विधायनको सीमा निर्धारण गर्न तथा प्रदेश ऐन एवं प्रत्यायोजित विधायनको अभिलेखलाई व्यवस्थित बनाउने सम्बन्धमा कोशी प्रदेशभर लागु हुने गरी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान बमोजिम प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कोशी प्रदेश विधायन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन प्रदेश सभाबाट पारित भई प्रमाणीकरण भएको मितिबाट लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अभिलेख" भन्नाले कोशी प्रदेश सभाबाट पारित भई प्रमाणीकरण गरिएका प्रदेश ऐन तथा प्रदेश सरकारबाट बनाइएका प्रत्यायोजित विधायनको प्रमाणित मूल प्रति वा सोको विद्युतीय अभिलेख राख्ने कार्यलाई सम्झनु पर्छ।

(ख) "**आदेश**" भन्नाले प्रदेश ऐनले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकार वा प्रदेश सरकार अन्तर्गतका निकायले जारी गर्ने आदेश सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारबाट जारी भएको कार्यकारी आदेशलाई समेत जनाउँछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ग) **"कार्यविधि"** भन्नाले प्रदेश ऐनले दिएको अधिकार प्रयोग गरी बनाइएको कार्यविधि सम्झनु पर्छ।

(घ) **"गठन आदेश"** भन्नाले प्रदेश सरकारले नेपालको संविधान वा सङ्घीय कानून वा प्रदेश कानूनले दिएको अधिकार प्रयोग गरी जारी गरेको गठन आदेश सम्झनु पर्छ।

(ङ) **"निकाय"** भन्नाले प्रदेश सरकार अन्तर्गतका मन्त्रालय वा निकाय वा सङ्गठित संस्था सम्झनु पर्छ र सो शब्दले नेपालको संविधान बमोजिम प्रदेश सरकारको क्षेत्राधिकारभित्र पर्ने अन्य कुनै निकाय समेतलाई जनाउँछ।

(च) **"नियमावली"** भन्नाले प्रदेश ऐन वा प्रचलित नेपाल कानूनले दिएको अधिकार प्रयोग गरी बनाइएको नियमावली सम्झनु पर्छ।

(छ) **"निर्देशिका"** भन्नाले प्रदेश ऐनले दिएको अधिकार प्रयोग गरी बनाइएको निर्देशिका सम्झनु पर्छ।

(ज) **"प्रत्यायोजित विधायन"** भन्नाले नियमावली, आदेश, गठन आदेश, निर्देशिका, कार्यविधि वा मापदण्ड सम्झनु पर्छ र सो शब्दले प्रदेश ऐनले तोकिएको वा तोकिए बमोजिम शब्दावली परिभाषित गरी उल्लेखित विषयमा प्रदेश सरकार वा निकायलाई विधायन वा कानून निर्माण गर्न अधिकार प्रदान गरेको विषय समेतलाई जनाउँछ।

(झ) **"मापदण्ड"** भन्नाले प्रदेश ऐनले तोके बमोजिमको कुनै विषय वा व्यवस्था कार्यान्वयनको लागि त्यस्तो विषयको विशेषता, गुण वा स्तर निर्धारण वा मापन वा सो विषय व्यवस्थित गर्न बनाइएको मापदण्ड सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(ञ) **"विधायन"** भन्नाले नेपालको संविधान बमोजिम प्रदेश सभामा विधेयक प्रस्तुत भई त्यस्तो विधेयक प्रदेश सभाबाट कानूनका रुपमा पारित हुने प्रदेश ऐनलाई सम्झनु पर्छ।

(ट) **"विधेयक"** भन्नाले प्रदेश सरकारले वा प्रदेश सभाका सदस्यले मस्यौदा तर्जुमा गरी प्रदेश सभाबाट पारित हुनका लागि पेस गरिएको प्रदेश ऐनको मस्यौदा सम्झनु पर्छ।

(ठ) **"विनियमावली"** भन्नाले प्रदेश ऐनले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकार अन्तर्गतका सङ्गठित संस्थाले बनाएको विनियमावली सम्झनु पर्छ।

(ड) **"सङ्गठित संस्था"** भन्नाले पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रण भएको सङ्गठित संस्था सम्झनु पर्छ।

(ढ) **"समिति"** भन्नाले प्रदेश सभाको विधायन सम्बन्धी विषय हेर्ने समिति सम्झनु पर्छ।

परिच्छेद-२

**विधेयक तर्जुमा**

३. **प्राथमिकता निर्धारण गर्नेः** (१) कुनै निकायले कुनै विषयसँग सम्बन्धित प्रदेश ऐनको मस्यौदा तर्जुमा गर्नु पूर्व मस्यौदा गरिने विधेयकको लागि प्राथमिकता निर्धारण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राथमिकता निर्धारण गर्दा देहायका विषयलाई विचार गर्नु पर्नेछः-

(क) नेपालको संविधान तथा सङ्घीयता कार्यान्वयनको विषय,

(ख) प्रदेश सरकारको नीति तथा कार्यक्रम,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ग) प्रदेश सरकार वा अन्तर्गतका निकायको वजेट तथा कार्यक्रम,

(घ) प्रदेश सरकारका आवधिक योजना र क्षेत्रगत नीति,

(ङ) नेपाल सरकारले प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहने गरी तोकेका नीति तथा कार्यक्रम,

(च) सर्वोच्च अदालत वा अन्य कुनै अदालत वा निकायबाट भएका आदेश,

(छ) अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताले प्रदेशको क्षेत्राधिकारभित्र राखेको विषय,

(ज) कुनै खास क्षेत्रमा प्रदेश सरकारले निर्धारण गरेको नीति वा विषय।

(३) उपदफा (२) बमोजिम प्राथमिकताका विषयलाई विचार गरी निर्धारण गरिएको विधेयकको प्राथमिकताक्रम सम्बन्धित निकायले कानून विषय हेर्ने मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ।

(४) कुनै निकायबाट प्राप्त प्राथमिकताक्रमसँग सम्बन्धित विवरणका आधारमा देहाय बमोजिमको समितिमा छलफल गरी प्रदेश सभामा पेस गर्ने विधेयकको प्राथमिकताक्रम निर्धारण गरी वार्षिक कार्यतालिका बनाउनु पर्नेछः-

(क) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय - संयोजक

(ख) सचिव, कोशी प्रदेश सभा - सदस्य

(ग) मुख्य न्यायाधिवक्ता, मुख्य न्यायाधिवक्ताको कार्यालय - सदस्य

(घ) कानून विषय हेर्ने प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ङ) विभिन्न प्रदेश मन्त्रालयहरूका प्रदेश सचिवहरू - सदस्य

(च) कानून विषय हेर्ने मन्त्रालयका कानून तर्जुमा हेर्ने महाशाखा प्रमुख -सदस्य सचिव

(५) उपदफा (४) बमोजिमको समितिले निर्धारण गरेको वार्षिक कार्यतालिका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

(६) कानून विषय हेर्ने मन्त्रालयले विधेयकको प्राथमिकताक्रम निर्धारण गरी बनाइएको यस दफा बमोजिमको वार्षिक कार्यतालिकाको एक प्रति प्रदेश सभामा समेत पठाउनु पर्नेछ।

(७) यस ऐन बमोजिम कुनै निकायले विधेयकको मस्यौदा तर्जुमा गर्दा उपदफा (४) बमोजिम निर्धारण गरिएको विधेयकको प्राथमिकताक्रम बमोजिम विधेयकको मस्यौदा तर्जुमा गर्नु पर्नेछ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विषयमा तत्काल विधेयकको मस्यौदा तर्जुमा गर्नु परेमा सम्बन्धित निकायले त्यसको उद्देश्य र कारण खुलाई विधेयकको मस्यौदा तर्जुमा गर्न यस दफाको व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन।

४. <u>सिद्धान्त स्वीकृति लिनु पर्ने:</u> (१) दफा ३ बमोजिम प्राथमिकताक्रम निर्धारण भई सकेपछि कुनै विषयमा कानूनी व्यवस्था नभएको वा कानूनी व्यवस्था भए तापनि त्यस्तो कानूनी व्यवस्थालाई खारेज हुनेगरी विधेयकको मस्यौदा तर्जुमा गर्नु अघि सम्बन्धित निकायले अनुसूची-१ बमोजिमको ढाँचामा अवधारणापत्र तयार गरी आवश्यक विवरण सहित मस्यौदा तर्जुमाको लागि आर्थिक विषय हेर्ने र कानून विषय हेर्ने

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

मन्त्रालयको सहमति लिई प्रदेश सरकार समक्ष अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै विधेयकको मस्यौदा तर्जुमा गर्न सिद्धान्त स्वीकृतिको प्रस्ताव प्राप्त भएमा प्रदेश सरकारबाट आवश्यक परिमार्जन गरी वा नगरी अवधारणापत्र सहित सिद्धान्त स्वीकृति प्रदान गर्नु पर्नेछ।

(३) विधेयकको मस्यौदा तर्जुमाको लागि प्रदेश सरकारबाट सिद्धान्त स्वीकृति प्राप्त भएपछि प्रदेश सरकारबाट स्वीकृत अवधारणापत्र सम्बन्धित निकायले आफ्नो वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विधेयकको मस्यौदा तर्जुमाको लागि सिद्धान्त स्वीकृति लिइरहनु पर्ने छैनः-

(क) प्रदेश आर्थिक विधेयक वा विनियोजन विधेयक वा सोसँग सम्बन्धित आश्रित विधेयक।

(ख) कुनै प्रदेश ऐनको संशोधन विधेयक।

(ग) कुनै खास विषयमा प्रदेश सरकारले सर्त सहित मस्यौदा तर्जुमा गर्ने भनी निर्धारण गरेको कुनै विषयको विधेयक।

५. <u>विधेयकको प्रारम्भिक मस्यौदा तर्जुमाः</u> (१) दफा ४ को उपदफा (२) बमोजिम प्रदेश सरकारबाट सिद्धान्त स्वीकृति प्राप्त भएपछि वा दफा ४ को उपदफा (४) बमोजिमका विषय पहिचान भएपछि सम्बन्धित निकायले विधेयकमा राख्नु पर्ने प्राथमिकताका विषयलाई सिलसिलेवार रुपमा उल्लेख गर्दै कानून तर्जुमाका सिद्धान्तका आधारमा विधेयकको प्रारम्भिक मस्यौदा तर्जुमा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विधेयकको प्रारम्भिक मस्यौदा तर्जुमा गर्दा सम्बन्धित निकायले देहायका विषयहरूलाई आधार बनाई विधेयकको प्रारम्भिक मस्यौदा गर्नु पर्नेछः-

(क) सिद्धान्त स्वीकृति तथा अवधारणापत्रमा उल्लेखित विषय तथा सीमाहरू,

(ख) प्रारम्भिक प्रावधान (ऐन नम्बर, लामो शीर्षक, प्रस्तावना, विधि निर्माण सूत्र, संक्षिप्त नाम, प्रारम्भ, विस्तार र परिभाषा),

(ग) सारभूत प्रावधान (प्रस्तावनाले निर्धारण गरेको उद्देश्य प्राप्तिका लागि व्यवस्थित गरिनु पर्ने विषय, कानून बनाउन निर्धारण गरेको विषय, संस्थागत संरचना, कार्यान्वयनका सारभूत प्रक्रिया, अधिकार एवं अख्तियारी सम्बन्धी विषय, कसुर सजाय, मुद्दा तथा मुद्दा हेर्ने अधिकारी, पुनरावेदन, आदि),

(घ) सामान्य प्रावधान (सारवान प्रावधान वाहेकका अन्य विषयहरू),

(ङ) कानून तर्जुमा सम्बन्धी सिद्धान्तले निर्धारण गरेका अन्य विषय (स्पष्टीकरण, द्रष्टव्य, उदाहरण, अपवाद, छुट, हदम्याद, सीमा, अनुसूची आदि)।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित निकायले विधेयकको प्रारम्भिक मस्यौदा तर्जुमा गर्न कानून विषय हेर्ने मन्त्रालयलाई अनुरोध गर्न सक्नेछ।

६. **<u>अध्ययन समिति गठन तथा सरोकारवालालाई सहभागी गराउनु पर्नेः</u>** (१) विधेयकको मस्यौदा तर्जुमा गर्नु पूर्व त्यस्तो विषयमा अध्ययन गर्नको लागि सम्बन्धित निकायले अध्ययन समिति गठन गरी मस्यौदा तर्जुमा गर्ने वा मस्यौदा तर्जुमाको क्रममा सम्बन्धित निकायले विज्ञ र त्यस्तो विधेयकबाट प्रत्यक्ष रूपमा प्रभावित हुने सरोकारवालालाई छलफलमा सहभागी गराई राय सुझाव लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त राय सुझावको आधारमा विधेयकको मस्यौदा परिमार्जन गरी सम्बन्धित निकायले सर्वसाधारणको

रायको लागि त्यस्तो विधेयकको मस्यौदा र देहायका विवरण समेत आफ्नो वेबसाइटमा प्रकाशन गर्न सक्नेछः-

(क) प्रदेश सरकारले लिएका नीति तथा कार्यक्रमको कुन विषय कार्यान्वयन हुने हो त्यस्तो विषय,

(ख) कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको कारण,

(ग) विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभाव,

(घ) विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभाव,

(ङ) विधेयकको व्यवस्थाबाट प्रदेशको दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोग,

(च) विधेयकको व्यवस्थावाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभाव,

(छ) विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोग, र

(ज) अन्य आवश्यक विषय।

तर अर्थ सम्बन्धी विधेयकको सम्बन्धमा नेपालको संविधान बमोजिम हुनेछ।

(३) दफा ५ को उपदफा (३) बमोजिम विधेयकको प्रारम्भिक मस्यौदा तर्जुमाको लागि कानून विषय हेर्ने मन्त्रालयलाई अनुरोध गरिएकोमा सो मन्त्रालयले उपदफा (१) र (२) बमोजिमको कार्य सम्पन्न गरी प्राप्त सुझावको आधारमा मस्यौदा परिमार्जन गरी सम्बन्धित निकायमा तथा थप राय सुझाब आवश्यक भएमा सोको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत पठाउनु पर्नेछ।

७. <u>प्रदेश समन्वय परिषद्को विषयगत समितिमा छलफल गराउनु पर्नेः</u> नेपालको संविधान बमोजिम संघ र प्रदेशको वा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको विषयमा विधेयकको मस्यौदा तयार गर्दा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

सम्बन्धित निकायले संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ बमोजिमको विषयगत समितिमा विषय वस्तुको गाम्भीर्यतालाई विचार गरी आवश्यकता अनुसार छलफल गराउन सक्नेछ।

८. <u>परामर्श लिनु पर्ने:</u> सम्बन्धित निकायले विधेयकको प्रारम्भिक मस्यौदामा समावेश भएको देहायको विषयमा देहायको निकायको परामर्श लिनु पर्नेछ;-

(क) प्रदेश सरकारलाई आर्थिक व्ययभार पर्ने विषयमा प्रदेश सरकारको आर्थिक मामिला विषय हेर्ने मन्त्रालयको,

(ख) प्रदेश सरकार वादी भई मुद्दा चलाउने विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा मुख्य न्यायाधिवक्ताको कार्यालयको,

(ग) प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाका कर्मचारी सम्बन्धी कानूनको निर्माण वा भई रहेको कानूनमा संशोधन गर्नु पर्दा प्रदेश लोक सेवा आयोगको र

(घ) कुनै निकायको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा त्यस्तो निकायको।

९. <u>तर्जुमा सहमतिको लागि कानून विषय हेर्ने मन्त्रालयमा पठाउने:</u> (१) दफा ८ बमोजिम परामर्श प्राप्त भएपछि विधेयकको मस्यौदामा परिमार्जन गर्नु पर्ने भएमा परिमार्जन गरी सम्बन्धित निकायले तर्जुमा सहमतिको लागि कानून विषय हेर्ने मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कानून विषय हेर्ने मन्त्रालयमा तर्जुमा सहमतिको लागि विधेयकको मस्यौदा पठाउँदा देहायका विवरण समेत संलग्न गर्नु पर्नेछः-

(क) विधेयकको मस्यौदामा प्रत्यायोजित विधायन जारी गर्ने व्यवस्था गरिएको भएमा प्रत्यायोजित विधायनको मस्यौदा।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(ख) विधेयकको मस्यौदामा दफा ८ बमोजिम परामर्श लिएको भएमा त्यस्तो परामर्श।

(ग) संशोधन विधेयक भएमा संशोधन गर्नु पर्नाको कारण प्रष्ट खुल्ने गरी तयार गरिएको तीन महले विवरण।

(घ) विधेयकको मस्यौदामा रहेका प्रत्येक दफाको औचित्य र कारण प्रष्ट खुल्ने गरी तयार गरिएको व्याख्यात्मक टिप्पणी।

तर प्रदेश सरकारले सालबसाली रूपमा प्रदेश सभामा पेस गर्ने प्रदेश अर्थ विधेयक र विनियोजन सम्बन्धी विधेयकको हकमा व्याख्यात्मक टिप्पणी आवश्यक पर्ने छैन।

(३) उपदफा (१) बमोजिम प्राप्त मस्यौदामा कानून विषय हेर्ने मन्त्रालयले आवश्यकता अनुसार परिमार्जन तथा तर्जुमा गरी प्रदेश सरकारबाट निर्धारित समयावधिभित्र त्यस्तो मस्यौदामा तर्जुमा सहमति दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम कानून विषय हेर्ने मन्त्रालयले तर्जुमा सहमति दिंदा दफा ३ बमोजिम निर्धारण भएको विधेयकको प्राथमिकताक्रमको आधारमा दिनु पर्नेछ।

१०. <u>**प्रदेश सरकारको स्वीकृतिको लागि पेस गर्नेः**</u> (१) दफा ९ बमोजिम कानून विषय हेर्ने मन्त्रालयबाट तर्जुमा सहमति प्राप्त भएपछि सम्बन्धित प्रदेश मन्त्रालयले विधेयकको मस्यौदा प्रदेश सभामा विधेयक प्रस्तुत गर्ने स्वीकृतिका लागि प्रदेश सरकार समक्ष प्रस्ताव पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृतिका लागि प्राप्त भएको विधेयकको मस्यौदामा आवश्यक छलफल गरी परिमार्जन गर्नु पर्ने भएमा मन्त्रिपरिषद्ले मन्त्रिपरिषद्को सम्बन्धित समितिमा पठाउन सक्नेछ। सम्बन्धित समितिले आवश्यक परिमार्जन गरी वा नगरी तर्जुमा सहमति

प्राप्त भएको विधेयकको मस्यौदामा प्रदेश सरकारले प्रदेश सभामा पेस गर्ने स्वीकृति प्रदान गर्नेछ।

११. **<u>विधेयक प्रदेश सभामा दर्ता गर्ने:</u>** दफा १० बमोजिम प्रदेश सरकारबाट विधेयकको मस्यौदा प्रदेश सभामा पेस गर्न स्वीकृति प्राप्त भएपछि त्यस्तो विधेयक सम्बन्धित निकायको मन्त्री वा प्रदेश सरकारले तोकेको मन्त्रीले प्रदेश सभाको नियमावली बमोजिम आवश्यक विवरण तथा कागजात संलग्न गरी कानून विषय हेर्ने मन्त्रालय मार्फत् प्रदेश सभा सचिवालयमा दर्ता गर्नु पर्नेछ।

१२. **<u>प्रदेश अध्यादेश तर्जुमा:</u>** (१) नेपालको संविधानको धारा २०२ बमोजिम प्रदेश अध्यादेश जारी गर्नु पर्ने भएमा सम्बन्धित निकायले त्यस्तो अध्यादेशको अवधारणापत्र र मस्यौदा तयार गरी सहमतिको लागि कानून विषय हेर्ने मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको अवधारणा पत्र र मस्यौदामा आवश्यक विचार गरी परिमार्जन गर्नु पर्ने भएमा परिमार्जन सहित सहमति प्रदान गरी कानून विषय हेर्ने मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सहमति दिएको अध्यादेशको मस्यौदा र सोको अवधारणापत्र समेत पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेस भएको अध्यादेशको मस्यौदामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक छलफल वा परिमार्जन गरी वा नगरी प्रदेश प्रमुख समक्ष सिफारिस गर्नका लागि प्रदेश सरकार मन्त्रिपरिषद् समक्ष अनुसुची-२ बमोजिमको ढाँचामा प्रस्ताव पेस गर्नेछ र यसरी प्रस्ताव प्राप्त भएपछि प्रदेश सरकार मन्त्रिपरिषद्ले त्यस्तो अध्यादेशको विषयमा निर्णय गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम प्रदेश सरकारबाट प्रदेश प्रमुख समक्ष पेस गर्न सिफारिस गर्ने निर्णय गरेपछि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले त्यसरी सिफारिस गरिएको निर्णय सहितको प्रदेश अध्यादेशको आवश्यक पर्ने प्रति प्रमाणीकरणको लागि प्रदेश प्रमुख समक्ष पेस गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पेस भएको प्रदेश अध्यादेश प्रदेश प्रमुखबाट प्रमाणीकरण भएपछि त्यस्तो प्रदेश अध्यादेश प्रदेश राजपत्रमा सूचना प्रकाशन तथा अभिलेखीकरणका लागि कानून विषय हेर्ने मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यस ऐन तथा प्रचलित प्रदेश कानून बमोजिम आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

## परिच्छेद-३
## प्रत्यायोजित विधायनको तर्जुमा तथा सीमा

१३. <u>प्रत्यायोजित विधायन जारी गर्न नहुने:</u> (१) प्रदेश ऐनबाट अधिकार प्रत्यायोजन गरेकोमा बाहेक प्रत्यायोजित विधायन जारी गर्नु हुँदैन।

(२) प्रदेश ऐन अन्तर्गत जारी हुने प्रत्यायोजित विधायन त्यस्तो ऐनको उद्देश्य र ऐनले दिएको अधिकारभन्दा बाहिर गएर जारी गर्नु हुँदैन।

(३) नेपालको संविधानले व्यवस्था गरे बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारमा प्रतिकूल असर पर्ने गरी प्रत्यायोजित विधायन जारी गर्नु हुँदैन।

१४. <u>प्रत्यायोजित विधायन जारी गर्दा अवलम्बन गर्नु पर्ने विषय:</u> प्रत्यायोजित विधायन जारी गर्दा देहायका विषय अवलम्बन गर्नु पर्नेछः-

(क) नेपालको संविधान तथा ऐनको सीमा,

(ख) कानूनका सारवान विषयलाई प्रत्यायोजित विधायनमा राख्न नहुने,

(ग) ऐनमा समय तोकिएकोमा सोही समयभित्र र त्यसरी समय नतोकिएकोमा सामान्यतया छ महिनाभित्र जारी गर्नु पर्ने, र

(घ) प्रत्यायोजित विधायन सम्बन्धी स्थापित मान्यता तथा असल अभ्यास अवलम्बन गर्नु पर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

१५. **प्रत्यायोजित विधायनमा समावेश गर्न नहुने विषयः** सम्बन्धित ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक प्रत्यायोजित विधायनमा देहायका विषय समावेश गर्नु हुँदैनः-

(क) प्रदेश कोष स्थापना र सञ्चालन गर्ने विषय,

(ख) प्रदेश सञ्चित कोष वा अन्य सरकारी कोषबाट आर्थिक दायित्व पर्ने विषय,

(ग) कुनै कार्यलाई कसूर कायम गर्ने वा भइरहेको कसूरलाई हटाउने, सजाय निर्धारण गर्ने वा तत्सम्बन्धी सारवान विषय,

(घ) कर लगाउने वा उठाउने, करको दर घटाउने, बढाउने वा खारेज वा मुल्तवी राख्ने विषय,

(ङ) नेपालको संविधानमा कानून बमोजिम हुने भनी उल्लेख भएका विषयको कार्यान्वयन गर्ने विषय,

(च) मौलिक हकमाथि कुनै तरिकाले सीमा तोक्ने विषय,

(छ) ऐनबाट स्पष्ट अधिकार दिइएकोमा बाहेक कुनै विषयलाई नियमन गर्ने वा इजाजतपत्र वा अनुमतिपत्र जारी गर्ने विषय,

(ज) पुनः प्रत्यायोजित विधायन जारी गर्ने विषय,

(झ) व्यक्तिको दैनिक व्यवहार वा आचरणलाई नियमन वा नियन्त्रण गर्ने विषय, र

(ञ) प्राकृतिक न्यायको सिद्धान्त विपरीत हुने विषय।

१६. **नियमावलीमा समावेश गर्न सकिने विषयः** सामान्यतया देहायका विषयलाई नियमावलीमा व्यवस्था गर्ने गरी सङ्घीय तथा प्रदेश ऐनबाट अधिकार प्रत्यायोजन गर्न सकिनेछः-

(क) ऐन कार्यान्वयनको लागि आवश्यक पर्ने कार्यविधिगत विषय,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ख) कुनै निवेदन, दरखास्त, प्रमाणपत्र वा फारामको ढाँचा निर्धारण गर्ने विषय,

(ग) प्राविधिक प्रकृतिको विषयमा मापदण्ड वा सर्त तोक्ने विषय,

(घ) आवधिक रूपमा परिवर्तन गरिरहनु पर्ने शुल्क वा दस्तुर तोक्ने विषय,

(ङ) प्रदेश सरकार अन्तर्गतका कुनै निकायको पदाधिकारीको सेवा, सुविधा र पारिश्रमिकको रकम निर्धारण गर्ने विषय र

(च) कुनै कार्यको लागि अधिकारी तोक्ने विषय।

१७. <u>**विनियमावलीमा समावेश गर्न सकिने विषयः**</u> (१) नियमावली र विनियमावली दुवै जारी गर्न सक्ने गरी प्रदेश ऐनबाट अधिकार प्रत्यायोजन गर्दा सम्बन्धित निकायले सामान्यतया देहायका विषयमा विनियमावली बनाउन सक्ने गरी व्यवस्था गर्न सकिनेछः-

(क) कर्मचारी प्रशासन तथा कर्मचारीको सेवाका सर्त र सुविधा सम्बन्धी विषय, र

(ख) खरिद, आर्थिक कार्यविधि र आर्थिक प्रशासनसँग सम्बन्धित विषय।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विनियमावली मात्र बनाउने गरी अधिकार प्रत्यायोजन भएकोमा त्यस्तो ऐनबाट अधिकार प्रत्यायोजन भएका अन्य कार्यविधिगत विषय त्यस्तो विनियमावलीमा समावेश गर्न बाधा पर्ने छैन।

१८. <u>**निर्देशिकामा समावेश गर्न सकिने विषयः**</u> (१) कुनै विषयको सञ्चालन वा प्रशासनमा एकभन्दा बढी निकाय समावेश हुने भएमा प्रत्येक निकायको कार्यसम्बन्ध निश्चित गर्न, कुनै प्राविधिक विषयमा मापदण्ड वा कार्यविधि निश्चित गर्न, काम कारबाहीमा एकरूपता कायम गर्न वा कुनै विषयमा विस्तृत ढाँचा, मापदण्ड, नर्म्स वा गुणस्तर तोक्न आवश्यक

भएमा निर्देशिका बनाउन सक्ने गरी प्रदेश ऐनबाट अधिकार प्रत्यायोजन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश ऐनले दिएको अधिकारको सीमाभित्र रही प्रदेश सरकार वा कुनै निकायले निर्देशिका बनाउन सक्नेछ।

(३) निर्देशिकाबाट जुन निकाय वा पदाधिकारीले सो विषय सञ्चालन वा प्रशासन गर्ने हो त्यस्तो निकाय वा पदाधिकारी र त्यसको प्रत्यक्ष सरोकारवाला बाहेक सर्वसाधारणलाई लागु हुने व्यवस्था निर्देशिकामा समावेश गर्नु हुँदैन।

(४) प्रदेश ऐनले अधिकार दिएका विषयमा तर्जुमा गरिएका निर्देशिका मात्र प्रदेश सरकारको स्वीकृतिका लागि सम्बन्धित निकायले पेस गर्नु पर्नेछ।

१९. **<u>कार्यविधिमा समावेश गर्न सकिने विषयः</u>** (१) कुनै प्राविधिक विषयमा व्यवस्था गर्नु पर्ने वा विस्तृत ढाँचा वा कार्यविधि आवश्यक पर्ने वा आन्तरिक कार्यप्रणालीलाई व्यवस्थित गर्ने विषयमा कार्यविधि बनाउन सक्ने गरी प्रदेश ऐनबाट अधिकार प्रत्यायोजन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश ऐनबाट कार्यविधि बनाउन सक्ने गरी अधिकार प्रत्यायोजन भएकोमा त्यस्तो ऐनले तोकेको सीमाको अधीनमा रही कार्यविधि बनाउन सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै दस्तुर तोक्ने, कोष स्थापना गर्ने, कुनै विषयलाई नियमन गर्ने, ऐनले बाध्य नगरेको वा निषेध नगरेको कुनै कार्य गर्न बाध्य गर्ने वा निषेध गर्ने जस्ता विषय सम्बन्धित निकायले कार्यविधिमा समावेश गर्नु हुँदैन।

(४) कार्यविधिबाट जुन निकाय वा पदाधिकारीले सो विषय सञ्चालन वा प्रशासन गर्ने हो त्यस्तो निकाय वा पदाधिकारी बाहेक सर्वसाधारणलाई लागु हुने व्यवस्था कार्यविधिमा समावेश गर्नु हुँदैन।

(५) प्रदेश ऐनले अधिकार दिएका विषयमा तर्जुमा गरिएका कार्यविधि मात्र प्रदेश सरकारको स्वीकृतिका लागि सम्बन्धित निकायले पेस गर्नु पर्नेछ।

२०. <u>मापदण्डमा समावेश गर्न सकिने विषयः</u> (१) कुनै विषय वा व्यवस्था कार्यान्वयनको लागि त्यस्तो विषयको विशेषता, गुण वा स्तर निर्धारण वा मापन वा व्यवस्थित गर्न आवश्यक भएमा मापदण्ड बनाउन सक्ने गरी प्रदेश ऐनबाट अधिकार प्रत्यायोजन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड बनाउँदा कुनै कुराको गुण, स्तर, मान तौल, उचाई वा मूल्य तोक्ने, सोको आधार कायम गर्ने, एकरूपता कायम गर्ने वा व्यवस्थित गर्ने बाहेकका विषय त्यस्तो मापदण्डमा समावेश गर्नु हुँदैन।

(३) प्रदेश ऐनले अधिकार दिएका विषयमा तर्जुमा गरिएका मापदण्ड मात्र प्रदेश सरकारको स्वीकृतिका लागि सम्बन्धित निकायले पेस गर्नु पर्नेछ।

२१. <u>तर्जुमा सहमति लिनु पर्नेः</u> (१) देहायका प्रत्यायोजित विधायन स्वीकृत गर्नु अघि प्रदेश सरकारको निकायले त्यस्तो प्रत्यायोजित विधायनको मस्यौदामा कानून विषय हेर्ने मन्त्रालयबाट तर्जुमा सहमति लिनु पर्नेछः-

(क) प्रदेश सरकारले बनाउनु पर्ने नियम,

(ख) गठन आदेश, र

(ग) प्रचलित कानून बमोजिम प्रदेश सरकारले बनाउनु पर्ने निर्देशिका वा कार्यविधि।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकार अन्तर्गत स्थापित कुनै निकायले आफै बनाउने वा स्वीकृत गर्ने प्रत्यायोजित विधायनमा कानून विषय हेर्ने मन्त्रालयको सहमति आवश्यक पर्ने छैन।

(३) उपदफा (१) बमोजिम कानून विषय हेर्ने मन्त्रालयबाट तर्जुमा सहमति प्राप्त भएको प्रत्यायोजित विधायनको मस्यौदा दफा २२ बमोजिम सम्बन्धित निकायले स्वीकृतिको लागि पेस गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

२२. **<u>प्रत्यायोजित विधायनको स्वीकृतिः</u>** देहायका प्रत्यायोजित विधायन देहायको निकाय, तह वा अधिकारीबाट स्वीकृत हुनु पर्नेछः-

(क) प्रदेश ऐनमा कुनै निकाय, तह वा अधिकारीबाट स्वीकृत हुने भनी उल्लेख भएकोमा सोही निकाय, तह वा अधिकारी, र

(ख) खण्ड (क) मा लेखिए देखि बाहेक प्रदेश ऐन अन्तर्गत जारी हुने अन्य प्रत्यायोजित विधायनको हकमा प्रदेश सरकार।

परिच्छेद-४

## विधायन अभिलेख तथा प्रकाशन

२३. **<u>ऐन र अध्यादेशको अभिलेखः</u>** (१) यस ऐन तथा प्रदेशको प्रचलित कानून बमोजिम प्रमाणीकरण भएका प्रदेश ऐन तथा अध्यादेशको अभिलेख व्यवस्था मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कानून विषय हेर्ने मन्त्रालय र प्रदेश सभा सचिवालयले मिलाउने छ।

(२) यस दफा बमोजिम प्रदेश ऐन तथा अध्यादेशको अभिलेख व्यवस्था गर्दा प्रत्येक निकायले दर्ता नम्बर तथा पृष्ठ सङ्ख्या सहित मूल प्रतिको रुपमा वा सोको विद्युतीय प्रतिको रुपमा अभिलेख कायम गरी सुरक्षित राख्नु पर्नेछ।

(३) कानून विषय हेर्ने मन्त्रालयले आवश्यकता अनुसार प्रमाणीकरण भएका प्रत्येक ऐन तथा अध्यादेशको एक-एक प्रति नेपाल सरकार वा सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

२४. **<u>प्रत्यायोजित विधायनको दर्ताः</u>** (१) दफा २२ बमोजिम प्रत्यायोजित विधायन स्वीकृत भएपछि त्यस्तो विधायन स्वीकृत गर्ने निकायबाट प्रमाणीकरण भई प्राप्त भएको मितिले सात दिनभित्र सम्बन्धित निकायले कानून विषय हेर्ने मन्त्रालयमा दर्ता गर्न पठाउनु पर्नेछ। त्यसरी प्राप्त प्रत्यायोजित विधायन कानून विषय हेर्ने मन्त्रालयले दर्ता गरी दर्ता नम्बर प्रदान गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश राजपत्रमा प्रकाशन हुने प्रत्यायोजित विधायनको हकमा सम्बन्धित निकायले कानून विषय हेर्ने मन्त्रालयमा पठाएको त्यस्तो प्रत्यायोजित विधायनको सूचना सम्पादन गरी छुट्टाछुट्टै दर्ता नम्बर कायम समेत गरी प्रदेश राजपत्रमा दर्ता नम्बर सहित सूचना प्रकाशन गर्नु पर्नेछ।

(३) सम्बन्धित निकायले प्रत्यायोजित विधायन दर्ता वा प्रदेश राजपत्रमा प्रकाशनका लागि सूचना सम्पादनको लागि कानून विषय हेर्ने मन्त्रालयमा पठाउँदा त्यस्तो प्रत्यायोजित विधायन स्वीकृत गर्ने निर्णयको छायाँप्रति, स्वीकृत प्रत्यायोजित विधायनको प्रमाणित प्रति र विद्युतीय प्रति समेत संलग्न गरी पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम कानून विषय हेर्ने मन्त्रालयले प्रत्यायोजित विधायन दर्ता गर्दा दर्ता नम्बर, दर्ता मिति, त्यस्तो विधायन जारी गर्न अधिकार प्रत्यायोजन गर्ने प्रदेश ऐन र त्यसको सम्बन्धित दफा, प्रत्यायोजित विधायन स्वीकृत गर्ने अधिकारी वा निकाय खुलाउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम दर्ता गरिएको प्रत्यायोजित विधायनको पहिलो पृष्ठको शिरमा विधायनको प्रकृति, दर्ता नम्बर र दर्ता मिति खुलाइएको छाप लगाई कानून विषय हेर्ने मन्त्रालयको सम्बन्धित अधिकृतले दस्तखत गरी एक प्रति कानून विषय हेर्ने मन्त्रालयमा राखी एक प्रति प्रत्यायोजित विधायन दर्ता गर्न ल्याउने सम्बन्धित निकायलाई फिर्ता दिनु पर्नेछ।

(६) कानून विषय हेर्ने मन्त्रालयले यस दफा बमोजिमको प्रत्यायोजित विधायनको दर्ता गर्ने कार्य विद्युतीय माध्यमबाट समेत गर्ने व्यवस्था मिलाउन सक्नेछ।

२५. <u>**विधायनको प्रकाशनः**</u> (१) प्रदेश ऐन वा अध्यादेश प्रमाणीकरण भएपछि प्रमाणीकरण भएको मितिमा प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश राजपत्रमा प्रकाशन गर्न पठाइएको प्रदेश ऐन वा अध्यादेश त्यसरी प्रकाशन गर्न पठाइएको सात दिनभित्र कानून विषय हेर्ने मन्त्रालयको वेबसाइटमा राखिनेछ।

(३) प्रदेश सरकार वा प्रदेश सरकारबाट स्थापित निकायबाट जारी गरिने नियमावली वा गठन आदेश प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ।

(४) उपदफा (३) बमोजिमका नियमावली वा गठन आदेश बाहेक अन्य प्रत्यायोजित विधायन प्रचलित कानून बमोजिम प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्ने भएमा वा प्रदेश सरकारले प्रदेश राजपत्रमा प्रकाशन गर्ने गरी निर्णय गरेकोमा त्यस्तो प्रत्यायोजित विधायन प्रदेश सरकारबाट स्वीकृत भएपछि प्रदेशको प्रचलित कानून बमोजिम प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ।

(५) कानून विषय हेर्ने मन्त्रालय वा सम्बन्धित निकायले प्रदेश राजपत्रमा प्रकाशन भएको सूचनाको आधारमा प्रदेश ऐन, नियमावली तथा अन्य प्रत्यायोजित विधायनलाई एकीकृत रूपमा वा विषयगत संग्रह वा फुटकर पुस्तकको रूपमा प्रकाशन गरी बिक्री वितरणको व्यवस्था मिलाउन सक्नेछ।

(६) सम्बन्धित निकायले प्रदेश राजपत्रमा प्रकाशन भएको सूचनाको आधारमा आफूसँग सम्बन्धित प्रदेश ऐन, नियमावली तथा अन्य प्रत्यायोजित विधायन आफ्नो वेबसाइटमा राख्न सक्नेछ।

(७) यस दफा बमोजिम विधायनको प्रकाशन गर्दा त्यस्तो विधायन प्रमाणीकरण वा स्वीकृत हुँदा प्रयोग भएको कागज, फन्ट वा आकारभन्दा फरक कागज, फन्ट वा आकारमा प्रकाशन गर्न बाधा पर्ने छैन।

(८) उपदफा (५) वा (७) बमोजिम विधायनको प्रकाशन गर्दा पुस्तकको रूपमा प्रकाशन गर्ने भएमा देहायको विवरण देहाय बमोजिम खुलाउनु पर्नेछः-

(क) पुस्तकको बाहिरी पृष्ठ (कभर पेज) पछिको पहिलो भित्री पृष्ठमा कुन मितिसम्ममा भएका संशोधन मिलाई अद्यावधिक गरिएको हो, सो व्यहोरा,

(ख) प्रदेश ऐन प्रकाशन गर्दा प्रत्येक ऐनको लामो नाम भन्दा अघि त्यस्तो ऐन प्रमाणीकरण भएको र प्रदेश राजपत्रमा प्रकाशन भएको मिति र त्यस्तो प्रदेश ऐनलाई संशोधन गर्ने प्रदेश ऐनको नाम, प्रमाणीकरण भएको र प्रदेश राजपत्रमा प्रकाशन भएको मिति,

(ग) कुनै प्रदेश ऐन वा प्रत्यायोजित विधायन प्रारम्भ हुने गरी तोक्ने वा सूचना निकाल्ने व्यवस्था भएकोमा त्यस्तो सूचनाबाट तोकिएको वा सूचना प्रकाशन भएको मिति टिप्पणी (फुटनोट) मा जनाउने,

(घ) अनुसूची वा त्यस्तै अन्य कुनै व्यवस्था प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्न सक्ने वा थपघट गर्न सक्ने अधिकार प्रत्यायोजन भएकोमा सो अधिकार बमोजिम हेरफेर वा थपघट गरिएको अद्यावधिक विवरण, र

(ङ) कुनै कानूनको व्यवस्था अदालतबाट अमान्य वा बदर गरिएको भएमा त्यस्तो व्यवस्था अमान्य र बदर गर्ने मुद्दाको नाम, आदेश मिति, पक्ष विपक्षको नाम, नेपाल कानून पत्रिकामा प्रकाशित भएको भए सोको वर्ष र अङ्क तथा निर्णय नम्बर।

आन्तरिक मामिला तथा कानून कार्यालय

(९) कुनै विधायन वेबसाइटमा प्रकाशन गर्दा हरेक विधायनको पहिलो पृष्ठमा कुन मितिसम्म भएका संशोधन अद्यावधिक गरिएको हो, सो व्यहोरा र प्रकाशन गर्ने निकायको नाम समेत उल्लेख गर्नु पर्नेछ।

२६. **<u>वेबसाइटमा प्रकाशन गर्नु पर्ने:</u>** (१) देहायको प्रत्यायोजित विधायन देहाय बमोजिम प्रकाशन गर्नु पर्नेछः-

(क) प्रदेश सरकार वा कुनै निकायबाट जारी गरिने नियमावली, विनियमावली, आदेश, निर्देशिका, कार्यविधि वा मापदण्ड यस ऐन बमोजिम दर्ता नम्बर प्राप्त भएको मितिले सात दिनभित्र सम्बन्धित निकायले आफ्नो वेबसाइटमा,

तर यस खण्ड बमोजिमको प्रत्यायोजित विधायन प्रदेश राजपत्रमा समेत प्रकाशन हुने भएमा प्रदेश राजपत्रमा प्रकाशन भएपछि मात्र सम्बन्धित निकायले आफ्नो वेवसाइटमा त्यस्तो प्रत्यायोजित विधायन प्रकाशन गर्नु पर्नेछ।

(ख) सङ्गठित संस्थाले जारी गर्ने प्रत्यायोजित विधायन यस ऐन बमोजिम दर्ता नम्बर प्राप्त भएको मितिले सात दिनभित्र त्यस्तो संस्थाको वेबसाइटमा।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम प्रदेश सरकार वा प्रत्यायोजित विधायन जारी गर्ने निकायले प्रत्यायोजित विधायनको प्रकाशन गर्दा त्यस्तो प्रत्यायोजित विधायन जारी गर्न निर्णय गर्ने अधिकारी, निर्णय मिति तथा दफा २४ बमोजिमको दर्ता नम्बर र मिति समेत उल्लेख गर्नु पर्नेछ।

२७. **<u>कानूनी मान्यता नपाउने:</u>** यस ऐन बमोजिम प्रकाशन नगरिएको प्रत्यायोजित विधायनले प्रकाशन नभएसम्म कानूनी मान्यता पाउने छैन र त्यस्तो विधायन सर्वसाधारणको लागि लागू समेत हुने छैन।

२८. **<u>प्रमाणित प्रतिको अभिलेख गरी सुरक्षित राख्ने:</u>** (१) प्रदेश सरकारबाट स्वीकृत वा जारी भएका प्रत्यायोजित विधायनको प्रमाणित एक प्रति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा राखी अन्य एक-एक प्रति कानून विषय हेर्ने मन्त्रालयमा र सम्बन्धित निकायमा सुरक्षित राख्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रदेश सरकारबाट प्रत्यायोजित विधायन स्वीकृत भएपछि त्यस सम्बन्धी निर्णय र प्रत्यायोजित विधायनको प्रमाणित प्रति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तत् तत् निकायमा पठाउनु पर्नेछ।

(३) प्रदेश सरकारबाट स्वीकृत वा जारी भएका बाहेकका अन्य निकायबाट जारी भएका प्रत्यायोजित विधायनको प्रमाणित एक प्रति सम्बन्धित निकायले राखी एक प्रति कानून विषय हेर्ने मन्त्रालयमा सुरक्षित राख्नु पर्नेछ।

(४) उपदफा (३) को प्रयोजनको लागि सम्बन्धित निकायले प्रत्यायोजित विधायन स्वीकृत भई दफा २४ बमोजिम दर्ता नम्बर प्राप्त गरेपछि त्यस्तो प्रत्यायोजित विधायनको प्रामाणित एक प्रति, त्यसको विद्युतीय प्रति र तत्सम्बन्धी निर्णयको प्रतिलिपि कानून विषय हेर्ने मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ।

(५) उपदफा (२) वा (४) बमोजिम प्राप्त प्रमाणित प्रति कानून विषय हेर्ने मन्त्रालयले निर्धारण गरेको ढाँचामा सम्बन्धित निकायले तयार गरी सुरक्षित रूपमा अभिलेख राख्नु पर्नेछ।

(६) यस दफा बमोजिम अभिलेख व्यवस्थापन गर्नको लागि सम्बन्धित निकायको सचिवले वा सम्बन्धित निकायको कार्यालय प्रमुखले त्यस्तो निकायको कुनै महाशाखा वा शाखालाई अभिलेख राख्ने शाखाको रूपमा तोक्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

२९. <u>कानून विषय हेर्ने मन्त्रालयमा विवरण पठाउनु पर्ने:</u> दफा २८ बमोजिम तयार गरिएको अभिलेखको अद्यावधिक विवरण आवश्यकता अनुसार सम्बन्धित निकायले कानून विषय हेर्ने मन्त्रालयमा पठाउनु पर्नेछ।

३०. <u>एकीकृत विवरण तयार गर्ने:</u> (१) दफा २९ बमोजिम प्राप्त विवरणको आधारमा कानून विषय हेर्ने मन्त्रालयले प्रदेश ऐन अन्तर्गत जारी भएका प्रत्यायोजित विधायनको एकीकृत र अद्यावधिक विवरण तयार गर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण कानून विषय हेर्ने मन्त्रालयले आफ्नो वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ।

परिच्छेद-५

<u>विविध</u>

३१. <u>प्रदेश सभाको समितिलाई उपलब्ध गराउनु पर्ने:</u> (१) प्रदेश ऐन बमोजिम प्रत्यायोजित विधायन जारी भएपछि जानकारीको लागि त्यस्तो विधायन सम्बन्धित मन्त्रीले प्रदेश सभाको सम्बन्धित समितिलाई उपलब्ध गराउनु पर्नेछ।

(२) प्रदेश राजपत्रमा प्रकाशन भएको प्रत्यायोजित विधायनको हकमा त्यस्तो प्रत्यायोजित विधायनको नाम र राजपत्रमा प्रकाशित मितिको विवरण मात्र प्रदेश सभाको सम्बन्धित समितिलाई उपलब्ध गराउनु पर्नेछ।

३२. <u>प्रत्यायोजित विधायनको सम्बन्धमा आवश्यक छलफल तथा नियमन:</u> (१) दफा ३१ बमोजिम प्राप्त हुन आएका विवरणका आधारमा प्रदेश सभाको सम्बन्धित समितिले प्रत्यायोजित विधायनका सम्बन्धमा आवश्यक छलफल वा नियमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने छलफल तथा नियमन सम्बन्धी कार्यविधि त्यस्तो समिति आफैले निर्धारण गर्नेछ।

(३) उपदफा (२) बमोजिम गरिएको छलफल तथा नियमन अनुसार त्यस्तो समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

सरोकारवालालाई आवश्यक निर्देशन दिन वा ध्यानाकर्षण गराउन सक्नेछ।

(४) यस दफा बमोजिमको छलफल तथा नियमनद्वारा प्रत्यायोजित विधायनमा कुनै कैफियत वा सुधार गर्नु पर्ने देखिएमा त्यसको सुधार वा संशोधन गर्न प्रदेश सभाको सम्बन्धित समितिले सम्बन्धित निकायलाई निर्देशन दिन सक्नेछ।

३३. <u>जानकारी गराउने:</u> (१) कुनै प्रदेश ऐन वा प्रदेश सरकारले जारी गरेको प्रत्यायोजित विधायनमा कुनै सुधार गर्नु पर्ने विषय वा कुनै कैफियत देखिएमा त्यस्तो सुधार गर्नु पर्ने देखिएको वा कैफियत देखिएको विषय उल्लेख गरी कानून विषय हेर्ने मन्त्रालय वा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा जोसुकैले जानकारी गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएपछि कानून विषय हेर्ने मन्त्रालय वा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित विषय भएमा आफैंले र अन्य निकायसँग सम्बन्धित भएमा सम्बन्धित निकायमा सुधारको लागि पठाउनु पर्नेछ।

३४. <u>प्रत्यायोजित विधायन जारी गर्ने निकायको कर्तव्य:</u> प्रदेश सभा वा प्रदेश सभाका समितिद्वारा प्रत्यायोजित विधायन सम्बन्धमा दिएको निर्देशन पालना गर्नु प्रत्यायोजित विधायन जारी गर्ने निकायको कर्तव्य हुनेछ।

३५. <u>दर्ता गराई प्रकाशन गर्नु पर्ने:</u> (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम जारी भई प्रदेश राजपत्रमा प्रकाशन नभएका प्रत्यायोजित विधायन यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र यस ऐन बमोजिम कानून विषय हेर्ने मन्त्रालयमा दर्ता गराई दर्ता नम्बर उल्लेख गरी प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र कानून विषय हेर्ने मन्त्रालयमा दर्ता नगराइएको प्रत्यायोजित विधायन त्यस्तो अवधि व्यतित भएपछि स्वतः अमान्य हुनेछ।

३६. **प्रदेश ऐन कार्यान्वयन मापनः** प्रत्येक प्रदेश ऐन प्रारम्भ भएको तीन वर्ष पूरा भएको एक वर्षभित्र र त्यसपछि प्रत्येक पाँच वर्षपछिको एक वर्षभित्र कानून विषय हेर्ने मन्त्रालयले ऐन कार्यान्वयन अवस्थाको मूल्याङ्कन गर्नेछ र सोको प्रतिवेदन प्रदेश सभामा पेस गर्नु पर्नेछ।

३७. **विधेयक वा प्रत्यायोजित विधायनको मस्यौदा गर्दा ध्यान दिनुपर्नेः** यस ऐन बमोजिम विधेयक वा प्रत्यायोजित विधायन मस्यौदा गर्दा सम्बन्धित निकाय वा तर्जुमाकारले देहायको विषय ध्यान दिनु पर्नेछः-

(क) सरल, स्पष्ट, बुझ्न सकिने र बहुअर्थ नलाग्ने भाषाको प्रयोग, शब्द तथा शब्दावली चयन।

(ख) कुनै अघिल्लो ऐन वा प्रत्यायोजित विधायन खारेज हुने भएमा खारेजीको परिणाम र बचाउ।

(ग) कुनै शब्दावलीको परिभाषा कुनै दफा वा नियममा मात्र प्रयोग हुने भएमा सोही दफा वा नियममा स्पष्टिकरणका रुपमा परिभाषित गर्नु पर्ने।

(घ) दफा, उपदफा, खण्ड, नियम, उपनियम, छुट त्रुटी हुन सक्ने वा दोहोरिन सक्ने विषय।

(ङ) असंगति वा असमान शब्द तथा शब्दावलीको प्रयोग हुन सक्ने विषयलाई ख्याल गरी संगति कायम गर्ने विषय।

(च) 'वा', 'र' र 'तथा' को प्रयोगको विरोधाभाष हुन नदिने विषय तथा अङ्क लेखनलाई अक्षरमै लेख्नु पर्ने विषय।

(छ) स्वर, व्यञ्जन, वाक्य संरचना, शैली, व्याकरण सम्बन्धी विषय।

(ज) लैङ्गिक संवेदनशील भाषा र शब्दको चयनको विषय।

(झ) कुनै आगन्तुक वा अङ्ग्रेजी शब्द समावेश गर्नु पर्ने भएमा त्यस्तो शब्द कोष्ठकभित्र नेपाली अक्षरमै लेखिनु पर्ने विषय।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ञ) गल्ती गर्ने पक्षले नै लाभ प्राप्त गर्न नसक्ने विषय, कसुर र सजायको भूतप्रभावी असर नहुने विषय, मनसाय र कार्य दुबैबाट कसुर प्रमाणित हुनु पर्ने विषय।

(ट) जटिल शब्द, पदावली, लामा वाक्यलाई सकेसम्म कम गर्नु पर्ने विषय र मानक भाषाको प्रयोग गर्नु पर्ने विषय।

(ठ) निकायको काम, कर्तव्य र अधिकारको उल्लेख गर्दा कर्तृ वाच्यको प्रयोग गर्नु पर्ने विषय।

३८. <u>भए गरेको मानिने:</u> सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिने छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

अनुसूची-१
(दफा ४ सँग सम्बन्धित)
<u>अवधारणापत्रको ढाँचा</u>

# .................. विधेयक तर्जुमा गर्ने सम्बन्धी सैद्धान्तिक सहमतिको अवधारणापत्र

(१) नयाँ ऐन बनाउनु पर्ने आवश्यकताः
  (क) संवैधानिक व्यवस्थाः
  (ख) प्रदेश सरकार नीति, योजना, गुरु योजना तथा निर्णयः
  (ग) नेपाल सरकारका नीति, योजना वा कुनै निर्णयले प्रदेशको क्षेत्राधिकार पर्ने विषयः
  (घ) अन्तर्राष्ट्रिय दायित्वः
  (ङ) अदालतको फैसलाः

(२) नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धिः

(३) प्रस्तावित विषयमा मौजुदा कानुन भए वा नभएको विषयः

(४) मौजुदा कानुन संशोधन गरी उपलब्धि हासिल गर्न नसक्ने भए सोको कारणः

(५) प्रस्तावित विषयमा प्रदेश सरकारले कुनै विषय नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधि (मेथड) बाट तर्जुमा भएको होः

(६) नीति निर्माणमा संलग्न प्रमुख पदाधिकारीः

(७) प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनेको वा कुनै अन्तर्राष्ट्रिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नामः

(८) प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानून निर्माण सम्बन्धमा कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोराः

(९) प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभारः

(१०) प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्नेः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(११) प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएको:

(१२) प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषयहरु:

(क) ........................,

(ख) ........................,

(ख) ........................,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-२

(दफा ४ र दफा १० सँग सम्बन्धित)

<u>प्रदेश सरकार मन्त्रिपरिषद्मा पेस गर्ने प्रस्तावको ढाँचा</u>

कोशी प्रदेश सरकार

......................... मन्त्रालय

विराटनगर, नेपाल

विषयः ..................

प्रस्ताव पेस गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः ............

१. विषयको सङ्क्षिप्त व्यहोराः

२. प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुराः

३. प्रस्ताव पेस गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिसः

४. निर्णय हुनुपर्ने व्यहोराः

मितिः .......

(.....................)

प्रदेश सचिव

<u>द्रष्टव्यः</u>

(क) प्रस्तावको प्रकरणमा रहने विवरण सम्बन्धी निर्देशिका

१. "विषयको संक्षिप्त व्यहोरा" अन्तर्गत विषयवस्तुको पृष्ठभूमि, यसबारे पहिले कुनै निर्णय भएको भए सोको विवरण, प्रस्तावित निर्णय कार्यान्वयन प्रक्रिया, समयावधि, कार्यक्षेत्र, कार्यान्वयन गर्ने निकाय र लाग्ने आर्थिक दायित्व समेत स्पष्ट उल्लेख गरी कुनै योजनाको विषय भए सोबारे छोटकरी विवरण उल्लेख गर्ने।

२. "प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुरा" अन्तर्गत मन्त्रिपरिषद्का समितिहरू, मन्त्रालयहरू र अन्य निकायहरू लगायत विशेषज्ञहरूले दिएको परामर्श समेत उल्लेख गर्ने। कानूनी परामर्शको हकमा प्रतिलिपि नै समावेश गर्ने। प्रस्तावमा उल्लिखित सङ्घ संस्था सम्बन्धी

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

विवरणका साथै प्रस्तावित विषयसँग सम्बन्धित नक्सा, डिजाइन वा चित्र समावेश गरी सोको उल्लेख गर्ने।

३. "प्रस्ताव पेस गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिस" अन्तर्गत यस विषयमा आइपरेको कठिनाइ र समस्या, प्रस्तावित निर्णयको औचित्य र आवश्यकता तथा त्यसवाट पर्न सक्ने प्रभाव उल्लेख गर्ने।

प्रस्तावित विषयमा प्रदेश सरकारको प्रचलित नीति, यस विषयमा अन्य वैकल्पिक व्यवस्था गर्न सकिने भए सोको विवरण। मन्त्रालयको स्पष्ट सिफारिसको व्यहोरा उल्लेख गर्ने।

४. "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत जुन विषयमा जे जस्तो निर्णय हुन प्रस्ताव गरिएको हो सोको स्पष्ट व्यहोरा उल्लेख गर्ने।

यसमा उल्लेखित प्रावधानहरू आवश्यकता अनुसार प्रदेश सरकारबाट थपघट हुन सक्नेछ।

(ख) प्रस्ताव साथ आवश्यकता अनुसार अवधारणापत्र, प्रारम्भिक मस्यौदा तर्जुमा गरिएको विधयनको प्रति, व्याख्यात्मक टिप्पणी, अध्ययन प्रतिवेदन, राय सुझाव तथा पत्राचार संलग्न गर्नु पर्नेछ।

प्रमाणीकरण मितिः- २०८३/०१/०४

आज्ञाले,
अस्मान तामाङ
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश